# कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१२/०५

चौबिसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी धनकुटा

## कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८२

प्रस्तावना : चौबिसे गाउँपालिकामा कार्यरत कर्मचारीहरूका लागि उपदान लगायतका सुविधाहरू उपलब्ध गराउने प्रयोजनका लागि कर्मचारी कल्याण कोषको स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा चौबिसे गाउँपालिकाको प्रशासनिक कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी चौबिसे गाउँपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८२ पारित गरी लागू गरिएको छ।

### परिच्छेद—१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "चौबिसे गाउँपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि चौबिसे गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा—

(क) "आर्थिक वर्ष" भन्नाले श्रावण एक गतेदेखि आषाढ मसान्तसम्मको अवधि सम्झनु पर्दछ।

(ख) "कर्मचारी" भन्नाले चौबिसे गाउँपालिकाको स्थानीय तह तर्फका स्थायी, अस्थायी र करार सेवाका कर्मचारी सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले चौबिसे गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(घ) "कार्यविधि" भन्नाले चौबिसे गाउँपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८२ सम्झनु पर्दछ।

(ङ) "कोष" भन्नाले चौबिसे गाउँपालिकाका कर्मचारीहरूलाई उपदान जस्ता सुविधाहरू प्रदान गर्ने प्रयोजनका लागि स्थापना भएको कोष सम्झनु पर्दछ।

(च) "तोकिने" वा "तोकिने बमोजिम" भन्नाले चौबिसे गाउँपालिकाको गाउँ कार्यपालिकाको निर्णय बमोजिम समय समयमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(छ) "गाउँपालिका" भन्नाले चौबिसे गाउँपालिका सम्झनु पर्दछ।

(ज) "अध्यक्ष" भन्नाले चौबिसे गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चौबिसे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ञ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

(ट) "सञ्चालक समिति" भन्नाले कोष सञ्चालनका लागि गठन भएको समिति सम्झनु पर्दछ।

(ठ) "सभा" भन्नाले चौबिसे गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ।

### परिच्छेद—२
### कल्याण कोषको स्थापना, उद्देश्य तथा प्रयोग सम्बन्धी व्यवस्था

३. कल्याण कोषको स्थापना : (१) गाउँपालिकाका कर्मचारी कल्याण कोष सञ्चालन प्रयोजनका लागि "गाउँपालिका कर्मचारी कल्याण कोष" नामको कोष रहनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा गाउँसभाबाट कर्मचारी कल्याण कोष शीर्षकमा विनियोजित रकम जम्मा गरिनेछ। कोष सञ्चालनमा लागि गाउँपालिकामा स्थानीय सेवा तर्फका स्थायी तथा अस्थायी कर्मचारीहरुले पाउने शुरु तलब स्केलको वार्षिक कम्तिमा एक महिना बराबरको रकम गाउँपालिकाबाट उक्त कोषमा जम्मा गरिनेछ ।

(३) स्थानीय सेवा तर्फका स्थायी प्रकृतिका कर्मचारीहरूको सेवा सुविधा तथा कोषको हकमा संघीय तथा प्रदेश कानून नबनेसम्म यस कार्यविधि अनुसार हुनेछ।

(४) माथि उल्लेखित रकम बाहेक उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहने छ :-
(क) कर्मचारी कल्याण कोषका लागि गाउँपालिकाले हालसम्म छुट्याएको रकम,
(ख) अन्य निकायबाट गाउँपालिकाको उक्त कोषलाई अनुदान स्वरूप प्राप्त रकम,
(ग) कुनै व्यक्ति, संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,
(घ) कोषमा रहेको रकमबाट प्राप्त ब्याज रकम,
(ङ) कर्मचारीलाई सुविधा दिन प्रयोजनका लागि गाउँपालिकाले विनियोजन गरेको अन्य रकम,
(च) अन्य निकायबाट समायोजन भई आएका अस्थायी करार कर्मचारीहरूले साविक निकायबाट नियमानुसार पाउने सेवा सुविधा वापत हस्तान्तरण भई आएको रकम।

(५) उपदफा (२) बमोजिम कोषमा जम्मा भएको रकम सञ्चालक समितिले तोकेको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा "कर्मचारी कल्याण कोष" को नाममा बचत खाता खोली जम्मा गरिनेछ।

४. सदस्यता : (१) गाउँपालिकाको स्थानीय तह तर्फका स्थायी, अस्थायी र करार कर्मचारी स्वतः कल्याण कोषको सदस्य हुनेछन्।

(२) उपदफा (१) बमोजिम सदस्यता प्राप्त कर्मचारी जुनसुकै कारणबाट सेवा निवृत्त भए पश्चात सदस्यता स्वतः समाप्त हुनेछ।

५. कोषको उद्देश्य : स्थानीय तहका स्थायी, अस्थायी तथा करारका कर्मचारीहरूलाई उपदान, सेवा वापतको आर्थिक सहयोग प्रदान गर्नु कोषको प्रमुख उद्देश्य हुनेछ।

६. कोषको प्रयोग : देहाय बमोजिमका कामका लागि कर्मचारी कल्याण कोषको रकम प्रयोग गर्न सकिनेछ—
(क) स्थानीय सेवा तर्फका स्थायी, अस्थायी तथा करारका कर्मचारी जुनसुकै तवरले नोकरीबाट अलग भएमा सञ्चित बिदा, औषधि उपचार तथा उपदान लगायत नियमानुसार पाउने सुविधा उपलब्ध गराउन।

७. कोषको प्रयोग गर्न नपाइने : यस कार्यविधिमा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाइने छैन—
(क) नियमित प्रशासनिक कार्यका लागि खर्च गर्न,
(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,
(ग) भ्रमण खर्च वा अन्य यस्तै प्रकारको खर्च उपलब्ध गराउन,
(घ) चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,
(ङ) गोष्ठी, अन्तरक्रिया वा सभा सम्मेलन सञ्चालन गर्न,
(च) कुनै पनि पूर्वाधार निर्माणका काम गर्न,
(छ) कर्मचारी कल्याण बाहेक अन्य कुनै पनि कार्य गर्न।

## परिच्छेद—३
## सञ्चालक समितिको गठन र बैठक प्रक्रिया

८. सञ्चालक समिति : (१) कर्मचारी कल्याण कोषको सञ्चालन तथा व्यवस्थापनका लागि एक सञ्चालक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिम गठन गरिने सञ्चालक समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन्—
(क) प्रमुख प्रशासकीय अधिकृत — अध्यक्ष
(ख) प्रशासन शाखा प्रमुख — सदस्य
(ग) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य सचिव

९. सञ्चालक समितिको बैठक : (१) समितिको बैठक आवश्यकतानुसार अध्यक्षले बोलाउनेछ।
(२) बैठकको निर्णय सामान्यतया सर्वसम्मतिबाट गरिनेछ।
सर्वसम्मत कायम हुन नसकेमा अध्यक्ष समेतको बहुमतको निर्णय मान्य हुनेछ।
(३) बैठकमा अध्यक्ष बाहेक अन्य कुनै सदस्य अनुपस्थित भए पनि निर्णय अमान्य हुने छैन।
१०. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार : (१) बैठकबाट पारित निर्णय कार्यान्वयन गर्ने।
(२) कोषका लागि आर्थिक स्रोत जुटाउने।
(३) कोष सञ्चालन सम्बन्धी नीति तथा कार्यक्रम निर्माण गर्ने।
(४) प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण गराउने व्यवस्था मिलाउने।
११. समितिका सदस्य तथा कर्मचारीको उत्तरदायित्व : (१) कोषको वितरणमा भेदभाव गर्न वा दुरुपयोग गर्न पाइने छैन।
(२) उपदफा (१) को प्रतिकूल कार्य गरेमा सम्बन्धित व्यक्ति उक्त कार्यबाट प्राप्त सुविधा रकमबाट जफत गर्न सकिनेछ।
१२. उपदान पाउने :(१) यो कार्यविधि बमोजिम जम्मा भएको रकमबाट गाउँपालिकामा कार्यरत स्थानीय तह तर्फका स्थायी, अस्थायी तथा करारका कर्मचारीले अवकाश प्राप्त गर्दा वा राजीनामा स्वीकृत गराई पदबाट अलग हुँदा पाउने उपदान लगायतका सुविधाहरू यसै कोषबाट प्रदान गरिने छ। तर करार सेवामा कार्यरत कर्मचारीहरूको हकमा सेवा करार सम्झौता बमोजिम हुनेछ।
(२) उपदफा (१) बमोजिम पाउने उपदान देहाय बमोजिम उपलब्ध गराइने छः
(क) स्थायी कर्मचारीको हकमा संघीय र प्रदेश कानून अनुसार तथा अस्थायी तथा करार कर्मचारीको हकमा स्थानीय सरकारी सेवा(गठन तथा सञ्चालन) ऐन, २०८०(कोशी प्रदेश) ले तोके बमोजिम हुनेछ।
१३. सुविधा तथा सहुलियतबाट वञ्चित गरिने अवस्था : देहायको अवस्थामा कर्मचारी कल्याण कोषबाट कर्मचारीलाई उपलब्ध गराइने सुविधाबाट पूरै वा आंशिक रूपमा वञ्चित गर्न सकिनेछः
(क) प्रचलित कानून विपरीत काम गरेको प्रमाणित भएमा,
(ख) यस कार्यविधि बमोजिम प्राप्त सुविधा तथा सहुलियत दुरुपयोग गरेको प्रमाणित भएमा,
(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा।
१४. जुनसुकै शीर्षकबाट भुक्तानी हुने : स्थायी, अस्थायी वा करारका कर्मचारी अवकाश हुँदा वा अन्य कारणले ती कर्मचारीलाई रकम उपलब्ध गराउनु पर्ने अवस्थामा कोषमा रकमको अभाव वा कमी भएमा अन्य जुनसुकै शीर्षकबाट कर्मचारी कल्याण कोषमा बजेट रकमान्तरण गरी भुक्तानी गरिनेछ।

## परिच्छेद–४

## कोषको सञ्चालन, लेखा तथा लेखापरीक्षण

१५. कोषको खाता : गाउँपालिकाले कर्मचारी कल्याण कोषका लागि नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा अलग्गै बचत खाता खोल्नेछ।
१६. खाता सञ्चालन : कोषको आर्थिक कारोबारका लागि बैंक खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत तथा लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।
१७. आय व्ययको लेखा तथा सोको सार्वजनिकिकरण :(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।
(२) आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी गाउँ सभामा पेश गर्नुपर्नेछ।



राज कुमार लिम्बू
अध्यक्ष

१८. लेखापरीक्षण : (१) कोषको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट हुनेछ
(२) अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

१९. रकम फ्रिज नहुने : (१) दफा ३ को उपदफा (२) बमोजिम कोषमा जम्मा भएको रकम मध्ये आंशिक पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई बाँकी रहेमा सो रकम फ्रिज नभई कोषमै रहनेछ।

## परिच्छेद—५

## विविध

२०. निर्देशन दिन सक्ने : कोष सञ्चालन सम्बन्धी विषयमा कार्यपालिका वा गाउँ सभाले सञ्चालक समितिल आवश्यक निर्देशन दिन सक्नेछ, र त्यसरी दिएको निर्देशन पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ।

२१. सहयोगका लागि आह्वान गर्न सक्ने : कर्मचारी कल्याण कोषमा रकम अभाव भएमा गाउँपालिकाले प्रदेश त केन्द्र सरकार समक्ष सहयोगका लागि आह्वान गर्न सक्नेछ।

२२. दायित्व सर्ने : यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि सिर्जना भएका गाउँपालिकाको कर्मचारी कल्याण कोषसँ सम्बन्धित हक तथा दायित्व यस कार्यविधि बमोजिम कोषमा सर्नेछ।

२३. बचाउ : यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि गाउँपालिकाको कर्मचारी कल्याण कोषको नाममा भएका सम्प कार्यहरू यसै बमोजिम भएको मानिनेछ।

२४. बाधा अड्काउ फुकाउने अधिकारः (१) कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिक आवश्यक निर्णय गर्नेछ ।

राज कुमार लिम्बू
अध्यक्ष